# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, भाद्र २४ गते, २०८१ साल (अतिरिक्ताङ्क ११

## भाग १

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८१ सालको ऐन नं. ४

## प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन

<u>प्रस्तावनाः</u> प्रदेश निजामती सेवा ऐन, २०७९ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "प्रदेश निजामती सेवा (दोस्रो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>दफा ४ मा संशोधनः</u> (१) प्रदेश निजामती सेवा ऐन, २०७९ (यस पछि "मूल ऐन" भनिएको) को दफा ४ को उपदफा (१) को खण्ड (च) मा रहेको "र" भन्ने शब्द झिकिएको छ।

(२) दफा ४ को उपदफा (२) को पछाडि देहायको प्रतिबन्धात्मक व्यवस्था थप गरिएको छः-

"तर प्रदेश प्रशासन सेवाको पदमा नवौं तह र सोभन्दा माथिल्लो तहमा कुनै पनि समूह तथा उपसमूह रहने छैन।"

३. <u>दफा ५ मा संशोधनः</u> मूल ऐनको दफा ५ को उपदफा (२) र (४) को सट्टा देहायको उपदफा (२) र (४) राखिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"(२) प्रदेश निजामती सेवाका विभिन्न तहमा विशेषज्ञ पद लगायत अधिकृत र सहायक स्तरका प्राविधिक तथा अप्राविधिक पदहरू रहनेछन्।

(४) प्रदेश निजामती सेवा अन्तर्गतका विभिन्न समूह तथा उपसमूहमा रहने तह र पदनाम तोकिए बमोजिम हुनेछ।

तर यसरी नतोकिएसम्म कर्मचारी समायोजन हुँदाका बखत कायम भएको तह र पदनाम कायम रहनेछ।"

४. <u>दफा ७ मा संशोधनः</u> मूल ऐनको दफा ७ को उपदफा (७) पछि देहायको उपदफा (७क) थपिएको छः-

"(७क) उपदफा (७) बमोजिमको समितिको सिफारिसको आधारमा प्रदेश सरकारले अस्थायी दरबन्दी स्वीकृत गर्नेछ।"

५. <u>दफा ८ मा संशोधनः</u> (१) मूल ऐनको दफा ८ को उपदफा (१) र (५) को सट्टा देहायको उपदफा (१) र (५) राखिएको छः-

"(१) प्रदेश निजामती सेवाको रिक्त पदमा देहाय बमोजिम पूर्ति गरिनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| तह | | खुला प्रतियोगिताद्वारा | अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा | बढुवाद्वारा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा | कार्यक्षमताको मूल्याङ्कन द्वारा | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन द्वारा | |
| (अ१) | आधारभूत | १००% | - | - | - | - | करार सेवा/सेवा करार |
| (अ२) | तेस्रो | १००% | - | - | - | - | |
| (क) | चौथो | ८०% | - | - | १०% | १०% | |
| (ख) | पाँचौं | ६०% | - | - | २०% | २०% | - |
| (ग) | छैटौं | - | - | - | - | - | तह वृद्धि |
| (घ) | सातौं | ६०% | १०% | - | १५% | १५% | |
| (ङ) | आठौं | - | - | - | - | - | तह वृद्धि (प्रदेश स्वास्थ्य सेवाको चिकित्सक बाहेक) |
| (च) | आठौं | १००% | - | - | - | - | प्रदेश स्वास्थ्य सेवाको चिकित्सक |
| (छ) | नवौं | १०% | १५% | १०% | ३५% | ३०% | प्रदेश स्वास्थ्य सेवा बाहेकको सेवा |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (ज) | नवौं | २०% | १५% | - | ३५% | ३०% | प्रदेश स्वास्थ्य सेवा |
| (झ) | दशौं | - | - | - | - | - | तह वृद्धि |
| (ञ) | एघारौं | - | - | - | ८०% | २०% | |

(५) उपदफा (१) को खण्ड (घ), (छ) र (ज) बमोजिम अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदका लागि सङ्घीय निजामती सेवाको एक श्रेणी मुनीको वा सङ्घीय स्वास्थ्य सेवा वा जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा वा जुनसुकै स्थानीय तहको सेवाको एक तह मुनीको पदमा कार्यरत रही सम्बन्धित सेवा, समूह वा उपसमूहका लागि तोकिएको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

तर सङ्घीय निजामती सेवाका कर्मचारीको हकमा अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पद भन्दा एक श्रेणी मुनीको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको हुनु पर्नेछ।"

(२) मूल ऐनको दफा ८ को उपदफा (६) मा रहेको "अन्तर स्थानीय तह प्रतियोगिता" भन्ने शब्दहरुको सट्टामा "अन्तर तह प्रतियोगितात्मक परीक्षा" भन्ने शब्दहरु राखिएको छ।

(३) मूल ऐनको दफा ८ को उपदफा (७) र (८) को सट्टा देहायको उपदफा (७) र (८) राखिएको छः-

"(७) उपदफा (१) बमोजिम आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने नवौं तहको पदका लागि आठौं तहमा कार्यरत रही सम्बन्धित सेवा वा समूह वा उपसमूहका लागि तोकिएको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

(८) उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि अधिकृत आठौं तहसम्मको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहको एक तह मुनिको पदमा कार्यरत रही दफा ३१ बमोजिमको न्यूनतम सेवा अवधि र योग्यता पूरा गरेका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन्।"

(४) मूल ऐनको दफा ८ को उपदफा (८) पछि देहायको उपदफा (८क) र (८ख) थपिएको छः-

"(८क) उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि प्रदेश प्रशासन सेवाको अधिकृत नवौं तहको पदमा सो सेवा भित्रका जुनसुकै समूह वा उपसमूहको एक तह मुनिको पदमा कार्यरत रही दफा ३१ बमोजिमको न्यूनतम सेवा अवधि र योग्यता पूरा गरेका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन्।

(८ख) उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

बढुवाको लागि प्रदेश प्रशासन सेवा बाहेकको अन्य सेवाको अधिकृत नवौं तहको पदको हकमा सम्बन्धित सेवा, समूह वा उपसमूहको एक तह मुनिको र एघारौं तहको पदमा कृषि सेवाको हकमा सो सेवा अन्तर्गतको समूहको एक तह मुनिको र अन्य सेवाको हकमा सम्बन्धित सेवा अन्तर्गतको जुनसुकै समूह वा उपसमूहको एक तह मुनिको पदमा कार्यरत रही दफा ३१ बमोजिमको न्यूनतम सेवा अवधि र योग्यता पूरा गरेका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन्।

(५) मूल ऐनको दफा ८ को उपदफा (९) को सट्टा देहायको उपदफा (९) राखिएको छः-

"(९) उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि प्रदेशमा समायोजन भएका कर्मचारी उपदफा (८), (८क) र (८ख) बमोजिम एक तह माथिको पदमा उम्मेदवार हुन सक्नेछन्।"

(६) मूल ऐनको दफा ८ को उपदफा (१२) मा रहेको "खुला, आन्तरिक अन्तर सेवा वा अन्तर स्थानीय तह प्रतियोगिताद्वारा" भन्ने शब्दहरुको सट्टामा "खुला वा अन्तर तह प्रतियोगिता वा आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा" भन्ने शब्दहरु राखिएको छ।

(७) मूल ऐनको दफा ८ को उपदफा (१४) मा रहेको देहाय बमोजिमको वाक्यांश झिकिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"साथै समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा चौथो तहमा समायोजन भएका कर्मचारी प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) प्रारम्भ हुँदाका बखत चौंथो तहमा ५ वर्ष सेवा अवधि पूरा गरिसकेको भए पाँचौं तहमा एक पटकका लागि स्वतः बढुवा गरिनेछ।"

(८) मूल ऐनको दफा ८ को उपदफा (१४) पछि देहायको उपदफा (१४क), (१४ख) र (१४ग) थपिएको छः-

"(१४क) समायोजन ऐन बमोजिम प्रदेशमा चौथो तहमा समायोजन भई यो ऐनको दोस्रो संशोधन प्रारम्भ हुँदाका बखत पाँच वर्ष सेवा अवधि पूरा गरेका र पाँचौ तहको पदका लागि आवश्यक पर्ने शैक्षिक योग्यता भएका कर्मचारीलाई दफा ४२ को उपदफा (१) को खण्ड (ख) बमोजिमको समितिको सिफारिसमा अख्तियारवालाले पाँचौ तहमा बढुवा गर्नेछ।

(१४ख) समायोजन ऐन बमोजिम राजपत्र अनङ्कित द्वितीय श्रेणीबाट प्रदेशमा पाँचौ तहमा समायोजन भएका वा चौथो तहमा समायोजन भई यो ऐनको दोस्रो संशोधन प्रारम्भ हुनुभन्दा अघि चौथो तहबाट पाँचौ तहमा तह वृद्धि भएका प्रदेश स्वास्थ्य सेवा बाहेकका कर्मचारीलाई अख्तियारवालाले पाँचौ तहमा तह मिलान गरी पदस्थापन गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

तर प्रचलित कानून बमोजिम प्रदेशमा पाँचौ तहमा स्तरवृद्धि भएका र यो ऐनको दोस्रो संशोधन प्रारम्भ हुँदाका बखतसम्म स्तरवृद्धि नभएका स्वास्थ्य सेवाका कर्मचारीलाई पाँचौ तहको पदका लागि आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यता पूरा गरेको अवस्थामा दफा ४२ को उपदफा (१) को खण्ड (ख) बमोजिमको समितिको सिफारिसका आधारमा यस उपदफा बमोजिम पाँचौ तहमा तह मिलान गर्न बाधा पर्ने छैन।

(१४ग) उपदफा (१४क) र (१४ख) बमोजिम बढुवा वा तह मिलान भएका कर्मचारीको लागि माथिल्लो तहको पद स्वतः सिर्जना हुनेछ र सो पदमा जुनसुकै कारणले कर्मचारी वहाल नरहेमा उक्त पद स्वतः तल्लो पद कायम हुनेछ।"

(९) मूल ऐनको दफा ८ को उपदफा (१९) को सट्टा देहायको व्यहोरा राखिएको छः-

"दोस्रो संसोधन ऐन प्रारम्भ भएपछि वनरक्षकको रुपमा प्रदेश निजामती सेवाको वनरक्षक पदमा कार्यरत योग्यता पुगेका इच्छुक कर्मचारीलाई तेस्रो तह कायम गरिनेछ। प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति गर्दा तेस्रो तहका लागि आवश्यक पर्ने प्रचलित कानून बमोजिमको शैक्षिक योग्यता पूरा गरेका व्यक्तिहरु मध्येबाट पदपूर्ति गरिनेछ र अन्य विषय तोकिए बमोजिम हुनेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(१०) मूल ऐनको दफा ८ को उपदफा (१९) को पछाडि देहायको उपदफा (२०) र (२१) राखिएको छः-

(२०) "हाल आधारभूत तहमा रहेका इच्छुक वनरक्षकहरुलाई कक्षा १० उत्तीर्ण वा १५ वर्ष सेवा अवधि पूरा गरेको हकमा तेस्रो तह कायम गरिनेछ।

(२१) उपदफा (२०) बमोजिम तह कायम गर्न यो दोस्रो संशोधन ऐन प्रारम्भ भएको ३ महिनाभित्र वन निर्देशनालयले तेस्रो तह कायम हुन इच्छुक वनरक्षकलाई आवश्यक प्रमाण सहित निवेदन पेश गर्न आव्हान गर्नुपर्नेछ।"

६. <u>दफा ९ मा संशोधनः</u> मूल ऐनको दफा ९ मा रहेको "अन्तर स्थानीय तह प्रतियोगिता" भन्ने शब्दहरुको सट्टामा "अन्तर तह प्रतियोगितात्मक परीक्षा" भन्ने शब्दहरु राखिएको छ।

७. <u>दफा १० मा संशोधनः</u> मूल ऐनको दफा १० को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) उपदफा (१) बमोजिमको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा सहायकस्तर र अधिकृतस्तर तहमा एक एक पटक मात्र लिन पाउनेछ।"

८. <u>दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को उपदफा (१) मा रहेको "खुला प्रतियोगिता, आन्तरिक अन्तर सेवा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

प्रतियोगिता र अन्तर स्थानीय तह प्रतियोगिताद्वारा" भन्ने शब्दहरुको सट्टामा "खुला प्रतियोगिता, अन्तर तह प्रतियोगितात्मक परीक्षा र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा" भन्ने शब्दहरु राखिएको छ।

९. <u>दफा १४ मा संशोधनः</u> मूल ऐनको दफा १४ को उपदफा (१) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः-

"तर प्रदेश इन्जिनियरिङ्ग सेवा, प्रदेश कृषि सेवा, प्रदेश वन सेवा र प्रदेश स्वास्थ्य सेवाको कुनै पदमा देहायको अवस्थामा करार सेवामा नियुक्ति गरी काममा लगाउन सकिनेछः-

(क) कार्यरत रहेको कुनै कर्मचारी अध्ययन वा असाधारण विदामा रहेको अवस्थामा अध्ययन वा असाधारण विदामा बसेको अवधिभर,

(ख) सेवाको कुनै पद कुनै कारणवस रिक्त हुन गई सोको माग आकृति फाराम भरी प्रदेश लोक सेवा आयोगमा पठाइ सकेको तर पदपूर्ति भइनसकेकोमा सो अवधिभर।

(ग) खण्ड (क) र (ख) बमोजिम करार सेवाबाट कर्मचारी नियुक्ति गर्दा प्रदेश लोक सेवा आयोगको वैकल्पिक र अस्थायी सूचीको योग्यताक्रम अनुसार गर्नु पर्नेछ र यसरी पूर्ति गर्न सम्भव नभएमा वा उम्मेदवार पर्याप्त नभएमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

मात्र सम्बन्धित मन्त्रालयले सूचना प्रकाशन गरी करार सेवामा नियुक्त गर्नु पर्नेछ।"

१०. <u>दफा १६ मा संशोधनः</u> (१) मूल ऐनको दफा १६ को खण्ड (ग) को देहाय (३) को सट्टा देहाय बमोजिमको देहाय (३) राखिएको छः-

"(३) दफा १० को उपदफा (१) को खण्ड (ज) बमोजिम अपाङ्गता भएका व्यक्तिहरु चालीस वर्षको उमेरसम्म उम्मेदवार हुन सक्नेछन्।"

(२) मूल ऐनको दफा १६ को खण्ड (ग१) मा रहेको "विशेषज्ञ सेवाको" भन्ने शब्दहरु झिकिएको छ।

(३) मूल ऐनको दफा १६ को खण्ड (ग१) पछि देहायको खण्ड (ग२) थपिएको छ।

"(ग२) स्वास्थ्य सेवाको हकमा प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता र सोको नविकरण नभएका,

तर प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी कुनै व्यावसायिक परिषद्मा नाम दर्ता हुने व्यवस्था नै नभएको तहको पदमा नियुक्ति हुनकोलागि यस खण्डले बाधा पुऱ्याएको मानिने छैन।"

११. <u>दफा २६ मा संशोधनः</u> (१) मूल ऐनको दफा २६ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहाय बमोजिमको खण्ड (ग) राखिएको छः-

"(ग) एक मन्त्रालय वा अन्तर्गतको कार्यालयको कर्मचारीलाई अर्को मन्त्रालयमा प्रमुख सचिवले सरुवा गर्नेछ।"

(२) मूल ऐनको दफा २६ को उपदफा (४) मा देहाय बमोजिमको स्पष्टिकरण थपिएको छः-

"<u>स्पष्टिकरणः</u> यस दफाको प्रयोजनकालागि एक वर्ष भन्नाले कम्तिमा दुईसय तेत्तीस दिन रुजु हाजिर भएको अवधिलाई जनाउनेछ।"

(३) मूल ऐनको दफा २६ को उपदफा (७) झिकिएको छ।

१२. <u>दफा ३० मा संशोधनः</u> (१) मूल ऐनको दफा ३० को उपदफा (१) को सट्टा देहाय बमोजिमको उपदफा (१) राखिएको छः-

"(१) प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीलाई पाँचौं तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तहवृद्धि गर्दा देहाय बमोजिमको आधारमा सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा तह वृद्धि गर्नुपर्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(क) तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको।

(ख) पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसतमा नब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको।

(ग) सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा छैटौं तहको पदका लागि प्रविणता प्रमाण पत्र तह वा कक्षा १२ वा सो सरह र आठौं तहको पदका लागि स्नातक तह वा सो सरह र दशौं तहको पदका लागि स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरेको।

(घ) प्रदेश स्वास्थ्य सेवाका कर्मचारीको हकमा सम्बन्धित व्यावसायिक परिषद्मा नामदर्ता तथा सोको नविकरण भएको।"

(२) मूल ऐनको दफा ३० को उपदफा (१क) को सट्टामा देहायको व्यहोरा राखिएको छः-

"उपदफा (१) बमोजिम तह वृद्धि गर्दा पाँचौं, सातौं र नवौं तहमा स्थायी नियुक्ति हुँदा आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यताकै आधारमा एक तह माथि तह वृद्धि

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

गर्नुपर्नेछ। तर दफा ४१ अनुसार बढुवा भएकाको हकमा दफा ४१ को उपदफा (१) को खण्ड (ख) बमोजिमको शैक्षिक योग्यता आवश्यक पर्नेछ" ।

१३. <u>दफा ३१ मा संशोधनः</u> मूल ऐनको दफा ३१ को सट्टा देहायको दफा (३१) राखिएको छः-

"३१. **<u>बढुवाको लागि न्युनतम सेवा अवधि र शैक्षिक योग्यताः</u>** दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदहरुमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन देहायको योग्यता पूरा भएको हुनु पर्नेछः-

(क) सम्बन्धित सेवा वा समूह वा उपसमूहको बढुवा हुने पद भन्दा तल्लो तहको पदमा कार्यरत रहेको,

(ख) सेवाकालीन तालिम लिएको,

(ग) पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसतमा कम्तिमा नब्बे प्रतिशत अङ्क प्राप्त गरेको,

(घ) प्रदेश स्वास्थ्य सेवाका कर्मचारीको हकमा सम्बन्धित व्यावसायिक परिषद्मा नामदर्ता तथा सोको नविकरण भएको र

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ङ) प्रदेश लोक सेवा आयोगबाट भएको विज्ञापनमा दरखास्त दिने अन्तिम मितिसम्ममा देहायको योग्यता पूरा भएको:-

| बढुवा हुने तह | कार्यरत रहेको तहको पद/सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|
| | | स्वास्थ्य सेवा बाहेकका अन्य सेवा | प्रदेश स्वास्थ्य सेवा |
| अधिकृत एघारौं | अधिकृतस्तर दशौं तहमा कार्यरत रहेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी तोकिए बमोजिको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत नवौं | अधिकृतस्तर आठौं तहमा कार्यरत रहेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी तोकिए बमोजिको न्यूनतम शैक्षिक योग्यता |
| अधिकृत सातौं | अधिकृत छैटौं तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ वा | स्वास्थ्य सेवा सम्बन्धी तोकिए बमोजिको न्यूनतम शैक्षिक योग्यता |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | |
|---|---|---|---|
| | | सो सरह उत्तीर्ण | |
| सहायक पाचौं | सहायक चौथो तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा एस.एल.सि. वा एस.इ.इ. वा सो सरह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता” |
| सहायक चौथौ | सहायक तेस्रो तहमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा १० कक्षा वा सो सरह उत्तीर्ण | |

१४. <u>दफा ३९ मा संशोधनः</u> (१) मूल ऐनको दफा ३९ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

“कर्मचारीलाई तालिमको अङ्क दिंदा तीस कार्य दिन वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित विषयको सेवाकालीन तालिम बापत अङ्क दिइनेछ। तालिमको अङ्क गणना गर्दा चौंथो तहमा बढुवा प्रयोजनका लागि तेस्रो, पाँचौं तहमा बढुवा प्रयोजनका लागि चौथो, सातौं तहमा बढुवा प्रयोजनका लागि पाँचौ वा छैटौं, नवौं तहमा बढुवा प्रयोजनका लागि सातौं वा आठौं र एघारौं तहमा बढुवा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

प्रयोजनका लागि नवौं वा दशौं तहमा लिएको सेवा कालिन तालिम वापतको अङ्क गणना गरिनेछ।"

१५. <u>दफा ४१ मा संशोधनः</u> (१) मूल ऐनको दफा ४१ को उपदफा (१) मा रहेको देहाय बमोजिमको आधारमा सिफारिस भन्ने शब्दहरु पछि रहेको "गरिनेछ" भन्ने शब्दको सट्टा "गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएको छ।

(२) मूल ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा नब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको,"

१६. <u>दफा ४२ मा संशोधनः</u> मूल ऐनको दफा ४२ को उपदफा (१) को खण्ड (ख) को देहाय (५) मा रहेको "मन्त्रालयको" भन्ने शब्दको अगाडि "सम्बन्धित" भन्ने शब्दहरु राखिएको छ।

१७. <u>दफा ४६ मा संशोधनः</u> मूल ऐनको दफा ४६ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) कुनै सङ्घीय निजामती सेवाको कर्मचारी प्रदेश सरकार मातहतको निकायको स्वीकृत दरबन्दीमा खटिंदा त्यस्तो कर्मचारीको शुरु तलब लगायतको सुविधा प्रदेश

निजामती सेवाको समान तह कायम हुने पदको कर्मचारीको शुरु तलब सुविधा भन्दा कम हुने रहेछ भने कम हुने तलब सुविधा बराबरको रकम त्यस्तो पदमा खटिएको अवधिभर सम्बन्धित प्रदेश मातहतको निकायबाट तोकिए बमोजिम उपलब्ध गराउनु पर्नेछ।"

१८. <u>दफा ९२ मा संशोधनः</u> मूल ऐनको दफा ९२ को खण्ड (ग) मा रहेको "तीन महिना" भन्ने शब्दहरुको सट्टा "एक वर्ष" भन्ने शब्दहरु राखिएको छ।

१९. <u>दफा ११४ मा संशोधनः</u> मूल ऐनको दफा ११४ को उपदफा (१) को पछाडि देहायको उपदफा (१क) राखिएको छः-

"(१क) उपदफा (१) बमोजिमको पदमा मन्त्रालयले प्रदेश निजामती सेवाको प्रशासन सेवाको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको पदमा खटाउनेछ। तोकिएको योग्यता पुगेका स्थानीय सरकारी सेवाका कर्मचारीलाई समेत प्रमुख प्रशासकीय अधिकृत पदमा खटाउन सकिनेछ" ।

२०. <u>दफा १२९ मा संशोधनः</u> मूल ऐनको दफा १२९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यस ऐन बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी

निजले आफू मुनिका निजामती कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।"

२१. <u>दफा १३६ मा संशोधनः</u> मूल ऐनको दफा १३६ को सट्टा देहायको व्यहोरा राखिएको छः-

"यस ऐनका विभिन्न दफामा जेसुकै कुरा लेखिएको भएता पनि प्रदेश निजामती सेवा ऐनको दोस्रो संशोधन प्रारम्भ भएपछि १ पटकका लागि छैटौं तहका सेवामा कार्यरत कर्मचारीलाई दफा ८ मा तोकिएको सातौं तहको पदमा कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवामा कुल दरबन्दीको क्रमश २० प्रतिशत र ३० प्रतिशतमा बढुवा गर्न सक्नेछ र यसरी २० प्रतिशत थप गर्दा खुलाबाट घटाइनेछ। अर्को पटकबाट त्यो २० प्रतिशत बढुवाका लागि प्रयोग गरिने छैन।"

**प्रमाणीकरण मितिः-** २०८१/०५/२४

**आज्ञाले,**
**कमल बहादुर थापा**
**नि. प्रदेश सचिव**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**